# उच्च शिक्षामा सत्र प्रणालीको प्रभावकारिता

# Effictiveness of semester system in higher education

कृष्णबहादुर जि.सी.[१]

[१]उपप्राध्यापक
त्रिभुवन विश्वविद्यालय
महेन्द्ररत्न क्याम्पस
काठमाडौँ, नेपाल
**Email:**
krishnabahadur.gc@mrc.tu.edu.np

प्रकाशन : २०८१ जेठ
Publish: 2024 May
Doi:
https://doi.org/10.3126/bns.v27i1.66422

This is an open access article distributed under the terms and conditions of the Creative Commons Attribution (CC BY NC)
https://creativecommons.org/licenses/by/4.0
© 2024 by the author

**Journal**
**विकासको निम्ति शिक्षा**
**Bikashko Nimti Shiksha**
**ISSN:** 2616-0188 (Print)
3021-954X (Online)
**website:**
https://www.nepjol.info/index.php/bns
**Published By**
Research Centre for Educational Innovation and Development (CERID)
http://cerid.tu.edu.np

## लेखसार

नेपालको उच्च शिक्षामा सत्र प्रणालीको सुरुवात राष्ट्रिय शिक्षा पद्धतिको योजना कार्यान्वयनसँगै भए पनि त्यस समयमा उक्त पद्धतिका राम्रा पक्षहरूलाई कम आँकलन गर्दै वि. सं. २०३८ को पाठ्यक्रम कार्यान्वयनमा आएपछि सो पद्धतिलाई हटाइएको थियो। वि.सं. २०७० पछि त्रिभुवन विश्वविद्यालयको स्नातकोत्तर तहमा यो पुनः कार्यान्वयन गरिएको प्रणाली प्रारम्भमा विज्ञान शिक्षा कार्यक्रमतर्फ विश्वविद्यालय क्याम्पस, कीर्तिपुर, त्यसपछि काठमाडौं उपत्यकाका क्याम्पसहरू र देशभर क्रमशः कार्यान्वयन गरिएको थियो जसमा सत्र प्रणालीको प्रभावकारिताअन्तर्गत विद्यार्थीहरूको सहभागिता, उनीहरूका गृहकार्य, शैक्षिक गतिविधिहरूको मूल्याङ्कन तथा प्रशासनिक एवम् प्राविधिक सहयोगका विविध पक्षहरूबाट विद्यार्थीले प्राप्त गर्ने उपलब्धिहरू पर्छन्। उच्च शिक्षामा सत्र प्रणालीको प्रभावकारिता विश्लेषण गर्ने, यसमा देखिएका समस्याहरू पहिचान गर्ने र समस्या समाधानका लागि उपायहरू पत्ता लगाउने उद्देश्य राखिएको यस अध्ययनमा सत्र प्रणालीको प्रभावकारिता कस्तो रहेको छ भन्ने सन्दर्भमा काठमाडौँ उपत्यकाका तीनवटा आङ्गिक तथा एउटा सम्बन्धन प्राप्त क्याम्पसमा घटना अध्ययन विधिका माध्यमबाट आवश्यक सूचनाहरू सङ्कलन गरी तिनीहरूको व्याख्या विश्लेषणबाट यो अनुसन्धान कार्य सम्पन्न गरिएको छ। गुणात्मक ढाँचामा गरिएको यस अध्ययनलाई प्राथमिक सूचना सङ्कलनमा केन्द्रित गरी त्रिभुवन विश्वविद्यालयको स्नातकोत्तर तहका मुख्य मुद्दा तथा चुनौतीहरूलाई उल्लेख गर्दै सत्र प्रणालीको प्रभावकारितालाई विश्लेषण गरिएको छ। भौतिक पक्षको व्यवस्थापन, विद्यार्थी मूल्याङ्कन पद्धति, प्रविधिको प्रयोग, विद्यार्थी भर्ना र नियमितता एवम् प्रशासनिक पक्षमा देखिएका समस्याहरूलाई आर्थिक, प्राज्ञिक तथा प्रशासनिक रूपमा समाधान गर्दै यसको थप प्रभावकारिताका लागि शिक्षक तथा विद्यार्थीहरूलाई आफ्ना कार्यमा पूर्णरूपमा जिम्मेवार बनाउने र त्यसको अनुगमन सम्बन्धित विभाग, क्याम्पस तथा डिन कार्यालयले समेत गर्नाका साथै व्यवस्थापकीय, शैक्षिक तथा भौतिक पक्षको कार्यान्वयनसँगै विद्यार्थी उपलब्धिको निरन्तर रूपमा मूल्याङ्कन गर्दै सुधारात्मक कार्यमा सम्बद्ध व्यक्ति र निकायको क्रियाशीलता समेत आवश्यक देखिन्छ।

***शब्दकुञ्जी*** : गुणस्तर सुनिश्चितता तथा प्रत्यायन, विद्यार्थी आँकलन, सत्र प्रणाली, स्वायत्तता

**How to cite this article (APA)**

**English :** G. C., K. B. (2022). Effictiveness of semester system in higher education *Bikashko Nimti, Shiksha. 27*(1), 35-48. https://doi.org/10.3126/bns.v27i1.66422

**नेपाली :** जि.सी., कृष्णबहादुर (२०८१), उच्च शिक्षामा सत्र प्रणालीको प्रभावकारिता, *विकासको निम्ति शिक्षा, २७*(१), ३५-४८। https://doi.org/10.3126/bns.v27i1.66422

**_Abstract_**

The semester system of higher education in Nepal was introduced after the National Education System Plan 2028 BS. It was removed after the implementation of Curriculum Implementation Plan 2036 BS. At 2070 BS this programme was reintroduced in the master's degree of Tribhuvan University. At that time, it was reintroduced in the central department first and inside the colleges of the valley and all over the country respectively. In this program, students have achieved the targeted aims through their regular classes, and participation in the educational program, evaluation scheme, technical and administrative support, and different instructional activities. To analyze the effectiveness of the semester system, assess the problems of this system, and cope with the challenges of this program are the objectives of this study. Through the purposive sampling technique, one of the constituent and two affiliated colleges are selected inside the valley in this study. After generating the information, such information is analyzed and interpreted. Qualitative research design implies that this study analyzed the major problems of its effectiveness through primary information. Management of physical aspect, student assessment system, use of technology, student enrollment, and regularity are some of the problems of this system. Through economic, academic, and administrative management, this program can be made effective. Similarly, by enhancing the teacher's and student's responsibility and monitoring by the Dean's office the effectiveness of this program can be increased. The activation of the concerned people, management of academic and economic aspects in the regularity of students, and their instructional activities with remedial efforts, this program is also effective.

***Keywords:*** quality assurance and accreditation, student assessment, semester system, autonomy

## परिचय

पठनपाठन तथा परीक्षाको समयावधिका आधारमा विविध खालका प्रणालीहरू उच्च शिक्षामा अभ्यासमा छन् । एक वर्षमा चारवटा परीक्षा हुने quarter system हो भने तीनवटा परीक्षा हुने प्रणाली trimister system हो । यसैगरी वर्षमा दुईवटा परीक्षा हुने प्रणाली भने सत्र प्रणाली (Semester system) हो (Longman Dictionary, 2000) । सत्र प्रणालीमा एक शैक्षिक वर्षलाई दुई सत्रमा विभाजन गरिएको हुन्छ र वार्षिक दुई सत्रमा आधारित भई विद्यार्थी भर्नादेखि लिएर शिक्षण सिकाइ, आन्तरिक तथा बाह्य मूल्याङ्कन र नतिजा प्रकाशनसम्मका काम गरिन्छ ।

अन्तर्राष्ट्रिय मान्यताअनुसार सत्र प्रणालीमा चार क्रेडिट आवर (Credit hour) को हप्तामा छ घण्टा रहने गर्छन् । यसैगरी तीन क्रेडिट आवरको हप्तामा पाँच घण्टा, दुई क्रेडिट आवरको हप्तामा तीन घण्टा र यसमा विभिन्न किसिमका विधिको माध्यमबाट शिक्षण सिकाइ प्रक्रिया अगाडि बढाइन्छ । सत्र प्रणालीमा प्रत्येक क्रेडिट आवरका पाठ्यांशलाई १६ घण्टामा पूरा गर्ने प्रचलन रहेको पाइन्छ । यस किसिमको चार क्रेडिट आवरका लागि ६४ घण्टा, तीन क्रेडिट आवरका लागि ४८ घण्टा र दुई क्रेडिट आवरका लागि ३२ घण्टा प्रति सत्र कायम गरी सापेक्षित रूपमा विभिन्न विधिका माध्यमबाट शिक्षण सिकाइ प्रक्रिया अवलम्बन गर्ने परिपाटी सत्र प्रणाली हो (अधिकारी, २०७१) । यस प्रणालीमा विद्यार्थीहरूलाई निश्चित सङ्ख्यामा कोटा निर्धारण गरी प्रवेश परीक्षा लिएर

उनीहरूको योग्यताका आधारमा भर्ना लिने काम गरिन्छ । यसका साथै विद्यार्थी मूल्याङ्कनको भारलाई आन्तरिक परीक्षण तथा अन्तिम सत्रमा विभाजन गरेर सम्पन्न गरिन्छ । विभिन्न सत्रको परीक्षामा प्राप्त गरेको प्राप्ताङ्कलाई अक्षर मापक गणना प्रणाली (Grade Point Scale) र अन्तिम नतिजालाई एकीकृत अक्षर प्रणाली (Cumulative Grade Point Average - CGPA) मा देखाइन्छ (अधिकारी, २०७१) । यस प्रणालीमा निरन्तर रूपमा विद्यार्थीहरूले काम गर्ने र उनीहरूको नियमित मूल्याङ्कन हुनाका साथै सिकाइ प्रक्रिया पनि गतिशील हुने गर्छ ।

नेपालका सन्दर्भमा वि. सं. २०१६ सालमा स्थापित त्रिभुवन विश्वविद्यालयको इतिहास उच्च शिक्षाको सन्दर्भमा सबैका अगाडि रहेको छ । विभिन्न समयमा यसले सञ्चालन गरेका उच्च शिक्षासम्बन्धी कार्यक्रमहरू र तिनीहरूको प्रभावकारिता पनि उच्च शिक्षा हासिल गर्ने सबैका लागि वर्तमान समयमा जीवन व्यतीत गर्ने आधार बनेका छन् । वि. सं. २०२८ सालको राष्ट्रिय शिक्षा पद्धतिको योजना कार्यान्वयन हुँदा उच्च शिक्षामा कार्यान्वयनमा आएको सत्र प्रणाली तथा यसको सान्दर्भिकता व्यावहारिक शिक्षा तथा समाज बुझ्ने माध्यम बनेको थियो । नेपाली भाषालाई बढी जोड दिइएको त्यस समयमा उच्च शिक्षाको व्यावहारिक पक्षमा विशेष ध्यान दिइएको थियो (Pradhan, 2017) । उक्त नयाँ शिक्षा प्रणालीको नीतिअनुसार त्रिविले वि.सं. २०२९/२०३० सालदेखि नै देशका सबै क्याम्पसहरूमा सत्र प्रणाली कार्यान्वयनमा ल्याएको थियो । उक्त प्रणाली राम्रोसँग सञ्चालन हुन नसकेको भनेर वि. सं. २०३६ सालमा विद्यार्थीहरूले आन्दोलन गरेपछि खारेज भएको थियो तर पनि इन्जिनियरिङ, चिकित्साशास्त्र, कृषि तथा पशुविज्ञान र वनविज्ञान अध्ययन संस्थानहरूतर्फ भने सत्र प्रणाली कायम नै राखिएको थियो ।

वि. सं. २०४३ भन्दा अगाडि उच्च शिक्षाको क्षेत्रमा एकछत्र प्रभाव कायम राखेको त्रिविले त्यस बेलासम्मको प्रभावलाई निरन्तर कायम राख्न सकेको भए आज यसमा देखिएका प्राज्ञिक भन्दा राजनैतिक प्रभावलाई आफ्नो असहजताको माध्यम बनाउनुपर्ने थिएन । यसका लागि परिवर्तित व्यवस्थाभन्दा त्यहाँ काम गर्ने व्यक्ति र उनीहरूको प्रवृत्ति मुख्य कारक भइदियो । वि.सं. २०३८ सालदेखि उच्च शिक्षामा हटाइएको सत्र प्रणालीका लागि पाठ्यक्रम कार्यान्वयन योजना आधार बनेको थियो (शर्मा र शर्मा, २०६८) । पञ्चायती व्यवस्थाको उत्तरार्ध वि. सं. २०४३ मा स्थापित महेन्द्र संस्कृत विश्वविद्यालय (हाल नेपाल संस्कृत विश्वविद्यालय) संस्कृत वाङ्मयको संरक्षण तथा प्रवर्द्धनका लागि महत्त्वपूर्ण आधार थियो (राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०६३) । बहुदलीय व्यवस्थाको प्रादुर्भाव पछि स्थापित काठमाडौं विश्वविद्यालय (२०४८) उच्च स्तरीय जनशक्ति उत्पादनका लागि त्रिभुवन विश्वविद्यालयसँग प्रतिस्पर्धा गर्ने संस्था बनेको थियो । नेपाल सरकारले पूर्वाञ्चल विश्वविद्यालय (२०५१) तथा पोखरा विश्वविद्यालय (२०५४) लाई जुन उद्देश्यका साथ क्षेत्रीय (विकास क्षेत्रगत) विश्वविद्यालय बनाउने सोचले स्थापित गरेको थियो त्यो हुन सकेको पाइँदैन । दोस्रो जनआन्दोलन (२०६२/२०६३) पछि उच्च शिक्षामा प्रतिष्पर्धाको दृष्टिले भन्दा पनि राजनैतिक प्रभाव, दाउपेच र सीमित व्यक्ति वा समूहको स्वार्थका आधारमा विश्वविद्यालयको सङ्ख्या बढ्दै गएको पाइन्छ । वर्तमान समयमा नेपालमा लुम्बिनी बौद्ध विश्वविद्यालय (२०६२), मध्यपश्चिम विश्वविद्यालय (२०६७), सुदूरपश्चिमाञ्चल विश्वविद्यालय (२०६७), कृषि तथा वन विज्ञान विश्वविद्यालय (२०६७), नेपाल खुला विश्वविद्यालय (२०७३), राजर्षि जनक विश्वविद्यालय (२०७४),

मदन भण्डारी प्रोद्योगिक विश्वविद्यालय (२०७६) सञ्चालित छन् (Giri, 2020)। नेपालमा विश्वविद्यालय खोल्ने क्रमले निरन्तरता आजका दिनमा पनि पाएको छ।

विश्वद्यिालयको विश्वव्यापी दृष्टिकोणले वर्तमान समयमा मानित विश्वविद्यालयको अवधारणा तथा अभ्यासले व्यापकता पाएको छ (Lakhotia, 2005)। मानित विश्वविद्यालयका रूपमा पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, ललितपुर, विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान र चिकित्साविज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पताल, काठमाडौं सञ्चालनमा आएका छन्। मानित विश्वविद्यालयहरूले अन्य विश्वविद्यालयहरूले जस्तै विभिन्न स्वीकृत कार्यक्रमहरू सञ्चालन गर्न पाउँछन् तर कार्यक्रमको सम्बन्धन दिन भने पाउँदैनन् (University Grants Commission, 2015)। समान किसिमका कार्यक्रमको निरन्तरता भन्दा पनि पृथकतायुक्त कार्यक्रमको सञ्चालन गर्न सकेमा मात्र देशका लागि आवश्यक विभिन्न क्षेत्रगत जनशक्ति उत्पादनमा टेवा पुग्ने देखिन्छ तर त्यस किसिमबाट विश्वविद्यालयहरू खुलेको पाइँदैन (भट्टराई, २०७४)। राजनैतिक व्यक्ति सत्ता र शक्तिमा भएको अवस्थामा गर्ने पहलका रूपमा जनताको सेवा र समाजको आवश्वश्यकताभन्दा पनि आफ्नो स्वार्थ पूरा गर्नका लागि महत्त्वपूर्ण निर्णय कार्यान्वयन गराउने प्रवृत्तिले प्रश्रय पाउनु राम्रो कुरा होइन। यी विश्वविद्यालयहरूमा आफ्नो स्वायत्तता अनुरूपका पाठ्यक्रमको निर्माण तथा कार्यान्वयनका साथै शैक्षिक पद्धतिहरू पनि फरकफरक रूपमा नै सञ्चालनमा आएका छन् (Bista et al., 2019)। विश्वविद्यालय स्वायत्त निकाय भएकाले पनि यस किसिमको अभ्यास हुनु स्वाभाविक मान्न सकिन्छ।

उत्तरआधुनिकताको विकाससँगै उत्तर औद्योगिक समयमा युरोप तथा अर्मेरिकामा विभिन्न क्षेत्रसँग सम्बन्धित जनशक्ति उत्पादन गर्ने उद्देश्यले विश्वविद्यालयहरू खुलेका हुन् (Geuna, 2014)। त्यस समयमा विश्वविद्यालयमा हुने विद्यार्थी सङ्ख्याभन्दा वर्तमान समयमा हरेक विश्वविद्यालयमा हुने विद्यार्थी सङ्ख्या तुलनात्मक रूपमा कम देखिन्छन्। यसको पछाडि शैक्षिक गुणस्तरलाई विश्वविद्यालयहरूले विशेष ध्यान दिएको देखिन्छ। युरोप, अमेरिका तथा अस्ट्रेलियाको सन्दर्भमा सङ्ख्यात्मक रूपमा कुनै पनि विश्वविद्यालयमा हुने विद्यार्थी नेपालका प्रत्येक बहुमुखी क्याम्पसमा पाउन सकिन्छ। कार्यक्रमको पृथक् सन्दर्भलाई आत्मसात् गर्ने हो भने कुनै पनि विश्वविद्यालयमा यसको प्रभावकारिता त्यति उल्लेख्य रूपमा पाइँदैन। यी विभिन्न विश्वविद्यालयहरूमा सञ्चालित उच्च शैक्षिक कार्यक्रमहरूमा सत्र प्रणालीको सन्दर्भ भने सबैमा आफ्नो परिवेश तथा अवस्थाअनुसार सञ्चालनमा आएको पाइन्छ।

त्रिविले वि. सं. २०६८ पछि विभिन्न चरणमा लागु गरेको सत्र प्रणालीका सन्दर्भमा विभिन्न सङ्काय तथा अध्ययन संस्थानका डिन कार्यालयहरू जिम्मेवार रहेका छन्। वि. सं. २०७० मा विश्वविद्यालय क्याम्पस, कीर्तिपुरमा वि.सं. २०७२ मा काठमाडौँ उपत्यकाका सम्पूर्ण स्नातकोत्तर कार्यक्रम सञ्चालित क्याम्पसहरूमा र २०७४ देखि देशभरका सम्पूर्ण स्नातकोत्तर कार्यक्रम सञ्चालन भएका क्याम्पसहरूमा कार्यान्वनमा आएको सत्र प्रणालीका आकर्षणसहित विभिन्न किसिमका कमीकमजोरीहरू पनि रहेका छन् (Chongwang, 2013)। गुणस्तरीय जनशक्ति उत्पादनका लागि सञ्चालित उच्च शिक्षामा सत्र प्रणालीको सन्दर्भमा अन्तिम नतिजामा वृद्धि हुनु,

उत्पादित जनशक्ति बजारमा खपत हुनु तथा गुणस्तरीय उच्च शिक्षाले महत्त्वपूर्ण स्थान पाउनुलाई यसका सकारात्मक पक्ष मान्न सकिन्छ। विद्यालय शिक्षामा हुने निरन्तर मूल्याङ्कन पद्धतिले विद्यार्थीहरूको सिकाइ प्रक्रियामा उल्लेख्य भूमिका खेलेको छ (विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६) । यसै किसिमको मूल्याङ्कन परिपाटी विश्वविद्यालय तहमा पनि लागु गरिएको छ तर पनि निश्चित प्रतिशतको आन्तरिक मूल्याङ्कन पद्धतिले मात्र विद्यार्थीहरूको सिकाइको स्तर वृद्धि गर्नका लागि पर्याप्त भूमिका खेल्न सक्दैन । त्रिविको सत्र प्रणालीमा कक्षामा अनुपस्थित विद्यार्थीका लागि पनि विषय शिक्षकले अङ्क प्रदान गर्नुपर्ने बाध्यात्मक अवस्था तथा आन्तरिक मूल्याङ्कनकर्ता (विषय शिक्षक) लाई कम जवाफदेही बनाउनुका साथै परीक्षा नियन्त्रण कार्यालय परीक्षाकै लागि हुँदाहुँदै पनि डिन कार्यालयहरू परीक्षामा संलग्न हुने प्रावधान रहेको छ। यसले सत्र प्रणालीको विश्वसनीयता माथि प्रश्नचिन्ह उठाउन सक्ने देखिन्छ। सत्र प्रणालीमा आन्तरिक मूल्याङ्कन प्रक्रियाको व्यवस्थितीकरण नै यसको मुख्य विशेषता हो (मण्डल, सन् २०२१) । यस सन्दर्भमा सत्र प्रणालीको प्रभावकारिताका सम्बन्धमा विभिन्न पक्षहरूको विश्लेषण गर्ने प्रयास गरिएको छ ।

यस अध्ययनमा समस्याको कथनमा पूर्ववत् अध्ययनबाट पहिचान गर्न नसकिएका समस्याहरूलाई उठान गरिएको छ। समस्याको कथन भनेको सम्बोधन गर्नुपर्ने तत्कालीन मुद्दाको वर्णन हो (Hernon & Schwartz, 2007) । यस अनुसन्धानात्मक लेखमा पनि अनुसन्धान कार्यसँग सम्बन्धित तत्कालीन मुद्दाको रूपमा रहेका नेपालको उच्च शिक्षामा सञ्चालित सत्र प्रणालीको प्रभावकारिता, यसका समस्याहरू, र ती समस्या समाधानका लागि अँगालिएका र अँगाल्नुपर्ने उपायहरूलाई समस्याको कथनका रूपमा लिइएको छ। नेपालको उच्च शिक्षामा सञ्चालित सत्र प्रणालीले केकस्तो योगदान दिएको छ ? उत्पादित जनशक्तिले काम पाउन सकेका छन् वा छैनन् ? वार्षिक प्रणालीको ठाउँमा यसको प्रभावकारिता कसरी प्रतिबिम्बित भएको छ ? के यस पद्धतिलाई साधारण शिक्षा तर्फको स्नातक तहमा पनि कार्यान्वयन गर्न सकिन्छ ? पूर्ववत् अध्ययनमा सत्र प्रणालीको तत्कालीन समस्या तथा चुनौती के हुन सक्छ भन्ने कुरा विस्तृत रूपमा पहिचान हुन नसकेको कुरा यस लेखमा अनुसन्धान रिक्तता (research gap) को रूपमा रहेको छ। त्यसैले वर्तमान अवस्थामा यी तथ्यगत प्रसङ्गहरू नै यस लेखको समस्याका रूपमा रहेका छन् । अतः उच्च शिक्षामा सत्र प्रणालीको प्रभावकारिता विश्लेषण गर्नु, सत्र प्रणालीमा देखिएका समस्याहरू पहिचान गर्नु र सत्र प्रणालीका समस्या समाधानका लागि उपायहरू पत्ता लगाउनु प्रस्तुत अध्ययनका उद्देश्य रहेका छन् ।

## अध्ययन विधि

अनुसन्धान कार्यमा चयन गरिने अध्ययनको ढाँचा, नमुना छनोट प्रक्रिया, सूचना सङ्कलनका विधि तथा सूचनाको व्याख्या र विश्लेषण गर्ने तरिकालाई विधिका रूपमा लिइन्छ (Downs, 1990)। अनुसन्धान कार्यमा अध्ययन विधिले यस कार्यको व्यावहारिक तथा विश्वसनीय पक्षलाई समेत प्रतिविम्बित गर्छ ।

## अनुसन्धान ढाँचा

अनुसन्धान ढाँचाबाट अध्यनलाई विशिष्ट स्वरूपमा अगाडि बढाउन मद्दत पुग्दछ (Koul, 2019)। यस अनुसन्धान कार्यमा गुणात्मक ढाँचा प्रयोगमा ल्याइएको छ। गुणात्मक ढाँचा अन्तर्गतको अवस्था वा घटना अध्ययन (Case study) यस अनुसन्धान कार्यको मुख्य उपागम हो (Boru, 2018)। गुणात्मक अनुसन्धानमा प्राप्त निचोडलाई सामान्यीकरण गर्न सकिँदैन तर पनि ती निष्कर्षहरूको प्रभावकारिता र गहनता दुवै हुने गर्छन्। त्यसैले अनुसन्धान ढाँचाले तथ्यमा आधारित कार्यपद्धतिको रूपरेखा प्रस्तुत गर्छ (Guba & Lincoln, 2005)। यस ढाँचामा आधारित भई कार्यसम्पादन गर्दा प्राप्त उपलब्धिको प्रभावकारिता बढ्छ।

## नमुना छनोट प्रक्रिया

व्यक्तिगत अथवा जनसङ्ख्याको ठुलो समूहबाट निश्चित अनुसन्धान प्रयोजनका लागि केही नमुना छनोट गर्ने काम नमुना छनोट प्रक्रिया हो (Bhardwaj, 2019)। नमुना छनोट कार्य व्यवस्थित भएमा अनुसन्धान कार्य सम्पन्न गर्न सीमित स्रोत र साधनबाट पनि सम्भव हुन्छ। समय, स्रोत तथा साधनका कारणले यस अनुसन्धान कार्यलाई काठमाडौँ उपत्यकाका चारवटा स्नातकोत्तर तहको कार्यक्रम चलेका क्याम्पसमा मात्र सीमित गरिएको छ। चारवटै क्याम्पसमा अध्ययन गर्ने विद्यार्थीमध्येबाट एक एक जनाको दरले चार जना, विषय शिक्षकमध्येबाट पनि एक एक जनाको दरले चार जना र प्रशासनिक कार्य गर्ने व्यक्तिमध्ये पनि प्रत्येक क्याम्पसबाट एक जनाका दरले चार जना उद्देश्यमूलक नमुना छनोट विधिद्वारा यस अध्ययनका लागि नमुना छनोट गरिएको छ। गुणात्मक अनुसन्धानमा नमुना छनोटलाई सङ्ख्यामा भन्दा पनि त्यसको गुणमा आधारित भएर हेरिन्छ। त्यसैले यस किसिमका अध्ययनमा गुणात्मक पक्षहरू महत्वपूर्ण हुने गर्छन्।

## सूचना तथा सूचना सङ्कलनका साधन

अनुसन्धान कार्यमा कुनै पनि परीक्षणलाई साधनको रूपमा लिन सकिन्छ जसले तथ्याङ्क सङ्कलन र मूल्याङ्कन कार्यमा पनि मार्गनिर्देश गर्छ (Muhl, 2014)। त्यो परीक्षण अवलोकन, अन्तरवार्ता, प्रश्नावली अथवा लक्षित समूह छलफलका रूपमा रहन सक्छ। यस अनुसन्धान कार्यका लागि आवश्यक पर्ने सूचना उच्च शिक्षामा सत्र प्रणाली सञ्चालन भएका क्याम्पसहरूमा पुगेर सङ्कलन गरिएको छ। यस सन्दर्भमा सूचनाको सङ्कलन गर्नका लागि घटना अध्ययनलाई मुख्य उपागमका रूपमा लिइएको छ। घटना अध्ययन भनेको अनुसन्धानको एउटा त्यस्तो विधि हो जुन सामाजिक तथा जीवनविज्ञानमा देखिन्छ र यसले निश्चित विषय वा वस्तुको बृहत् अध्ययन गर्ने कुरालाई जनाउँछ (Heale & Twycross, 2018)। यस अध्ययनमा प्रत्येक घटनाका लागि अन्तरवार्ता निर्देशिकाको प्रयोग गरिएको छ। अन्तरवार्ता निर्देशिकामा उल्लेख गरिएका खुला रूपमा विचार सम्प्रेषण गर्न मिल्ने खालका विषयवस्तुमा आधारित भई प्रतिक्रियादाताहरूबाट गहन रूपमा सूचनाहरू सङ्कलन यस अध्ययनमा गरिएको छ। यसका साथै कक्षा अवलोकन र लक्षित समूह छलफल पनि सूचना सङ्कलनका साधनका रूपमा प्रयोग गरिएको छ।

## नतिजा र छलफल

यस आलेखमा सूचना सङ्कलन गरिसकेपछि व्यवस्थित किसिमबाट व्याख्या तथा विश्लेषण गर्ने क्रममा अनुसन्धानात्मक प्रश्नहरूलाई आधार बनाई प्रत्येक प्रश्नमा आधारित आशय (थिम) को निर्माण गरिएको छ । यसका साथै प्राप्त नतिजामाथि आशयगत रूपमा सिद्धान्तसँग सम्बन्धित गराई क्रमशः उल्लेख गरिएको छ ।

### उच्च शिक्षामा सत्र प्रणालीको प्रभावकारिता

त्रिभुवन विश्वविद्यालयको स्नातकोत्तर तहमा सञ्चालित सत्र प्रणालीको प्रभावकारिताअन्तर्गत यस कार्यक्रमको वर्तमान अभ्यासका विभिन्न पक्षहरूलाई यस सन्दर्भमा केलाउने काम गरिएको छ :

#### *शिक्षक तथा विद्यार्थीको सहभागिता*

त्रिभुवन विश्वविद्यालयले वि.सं. २०७० पछि मुलतः स्नातकोत्तर तहमा सत्र प्रणाली लागु गरेको छ। *त्रिभुवन विश्वविद्यालय सत्र प्रणाली कार्यान्वयन निर्देशिका २०७०* अनुसार यस अन्तर्गतका आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरूमा सत्र प्रणाली कार्यान्वयनमा आएको हो (पौडेल, सन् २०२१) । त्रिविका ६२ वटा आङ्गिक क्याम्पसहरू छन् । तीमध्ये कतिपय बहुविषयक प्रकृतिका छन् भने कतिपय क्याम्पसहरूमा एकल विषयको मात्र अध्ययन अध्यापन भएको छ। त्यसैगरी यसका १,००० भन्दा बढी सम्बन्धन प्राप्त क्याम्पसहरू छन् पौडेल, सन् २०२१) । सम्बन्धन प्राप्त क्याम्पसहरू निजी तथा सामुदायिक गरी दुई किसिमका छन् । यस अध्ययनका लागि छानिएका चारवटा क्याम्पसमध्ये तीनवटा आङ्गिक तथा एउटा सम्बन्धन प्राप्त सामुदायिक क्याम्पस रहेका छन् । छानिएका क्याम्पसमा शिक्षक, विद्यार्थी तथा प्रशासकहरूलाई आधार मानी सङ्कलन गरिएका सूचनाहरूका आधारमा स्नातकोत्तर तहमा सत्र प्रणाली लागु भएपछि विषयगत शिक्षक तथा विद्यार्थीको सक्रिय सहभागिता बढेर गएको छ। शिक्षकहरूले विषयवस्तुको तयारी गर्नका लागि सूचना प्रविधिको प्रयोगलाई बढाउन थालेका छन् भने विद्यार्थीहरूमा कलेजमा अध्ययन गरेको विषयको थप स्पष्टता र कक्षाकोठामा सक्रिय रूपमा सहभागी हुनुपर्ने बाध्यात्मक अवस्थाका कारणले नियमित रूपमा शिक्षण तथा सिकाइ प्रक्रियामा सक्रियता बढेको छ । कलेजमा नियमित हाजिरी तथा सक्रिय क्रियाशीलताका लागि १० अङ्क छुट्याइएकाले पनि विद्यार्थीहरूको सहभागिता सक्रिय रहेको पाइन्छ। शिक्षकहरूले अन्तरक्रिया, छलफल, विद्यार्थीका प्रस्तुतीकरण र सूचना प्रविधिको माध्यमबाट शिक्षण गर्नुपर्ने भएकाले वार्षिक शैक्षिक प्रणालीका तुलनामा सक्रियता बढेको विचार छानिएका शिक्षक तथा प्रशासकको रहेको पाइन्छ ।

सत्र प्रणालीलाई विद्यार्थी आफैले निरन्तर रूपमा सिक्ने अवसर प्राप्त गर्न सकून्, मूल्याङ्कन पनि नियमित रूपमा होस् र पृष्ठपोषण पनि तुरुन्तै पाउन सकून् भन्ने सन्दर्भसहित चिनाउन सकिन्छ (Neog, 2020) । त्रिविअन्तर्गतका क्याम्पसहरूमा पनि विद्यार्थीको नियमित सिकाइ तथा मूल्याङ्कनसहित उचित पृष्ठपोषणका लागि सत्र प्रणाली कार्यान्वयन भएको पाइन्छ। यो वार्षिक पद्धतिमा आएको नयाँ परिवर्तन हो । परिवर्तनलाई आत्मसात् गर्ने बाध्यात्मक अवस्था र त्यसमा समायोजन हुनका लागि मानिसले गर्ने प्रयत्नलाई समालोचनात्मक सिद्धान्तले आफ्नो मूल्यका रूपमा

स्वीकार गरेको छ (Thompson, 2017)। समाजमा आउने विविध पक्षको परिवर्तनका राम्रा तथा नराम्रा पक्षहरूको विश्लेषणबाट मात्र मानिसले परिवेशअनुसार आफ्नो धारणा बनाउने र त्यसलाई व्यवहारमा लागु गर्ने तथ्य समालोचनात्मक सिद्धान्तले बोकेको छ (Horkheimer, 1982)। त्यसैले वि.सं. २०७४ देखि त्रिविको स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरूले पनि त्यसभन्दा अगाडिको वार्षिक शैक्षिक पद्धतिको भन्दा भिन्नै किसिमको मनोविज्ञान विकास गरी शिक्षण सिकाइमा संलग्न भएको पाइन्छ। तुलनात्मक रूपमा सत्र प्रणाली लागु भएपछि विद्यार्थी घटेको भए तापनि गुणस्तरमा ध्यान दिने अभिप्राय विद्यार्थी, शिक्षक तथा प्रशासकहरूको रहेको छ। यसबाट पनि सत्र प्रणालीले विद्यार्थीहरूलाई निरन्तररूपमा सिकाइ प्रक्रिया तथा मूल्याङ्कनका लागि उत्प्रेरित गरिरहेको पाइन्छ। निरन्तर मूल्याङ्कन पद्धति विद्यार्थीहरूको उपलब्धिलाई नियमित रूपमा व्यवस्थित किसिमबाट हेर्ने तरिका हो (Dhakal, 2019)। यस किसिमको मूल्याङ्कनबाट विद्यार्थीका उपलब्धिलाई अविच्छिन्न किसिमबाट हेर्न सकिन्छ र शिक्षकको सहयोगमा विद्यार्थीहरूले पनि आफ्ना कमीकमजोरीहरू सुधार गर्दै अगाडि बढ्न सक्छन्। मूल्याङ्कनसहित समग्र पाठ्यक्रमको अभ्यासमा पनि सत्र प्रणाली केन्द्रित रहेको पाइन्छ जसमा शिक्षक तथा विद्यार्थीहरुले आफ्नो सक्षमताको उच्चतम प्रयोगसमेत गर्न पाउँछन्।

### *गृहकार्य तथा मूल्याङ्कन पद्धति*

सत्र प्रणाली भनेको परीक्षामात्र नभई शिक्षा पद्धति हो। यसको मुख्य उद्देश्य विद्यार्थीहरूको ज्ञान, सिप र क्षमतालाई निरन्तर तथा गहन रूपमा प्रवर्द्धन गर्नु हो (TU Semester system operational guideline, n.d.)। यस अर्थमा सत्र प्रणालीमा गृहकार्य तथा नियमित रूपमा गरिने मूल्याङ्कनका माध्यमबाट विद्यार्थीको ज्ञान, सिप र क्षमतालाई वृद्धि गर्ने प्रयास गरिएको हुन्छ। यो प्रणाली लागु भएपछि त्रिविले स्नातकोत्तर तहमा ४० प्रतिशतको आन्तरिक मूल्याङ्कन पद्धति प्रयोगमा ल्याइएको छ। १० अङ्कको पहिलो गृहकार्यमा विद्यार्थीहरूले कुनै शीर्षकमा सूचना सङ्कलन तथा विश्लेषण गरी विषयको स्वरूपका आधारमा प्रतिवेदन तयार पारेर कक्षाकोठामा प्रस्तुत गर्नुपर्छ। १० अङ्कको दोस्रो गृहकार्य पनि विद्यार्थीले कुनै पुस्तक वा लेख रचनाको पुनरावलोकन गरेर प्रतिवेदन तयार पारी कक्षामा प्रस्तुत गर्नुपर्छ। यी कामहरू विषयगत रूपमा फरक फरक रहेको शिक्षक तथा विद्यार्थीहरूको धारणा रहेको छ। त्यसैगरी १० अङ्कको तेस्रो मूल्याङ्कनका लागि प्रत्येक कलेजहरूले आन्तरिक परीक्षा सञ्चालन गरी विद्यार्थी उपलब्धिको लेखाजोखा गर्ने प्रावधान रहेको क्याम्पसका प्रशासक, शिक्षक तथा विद्यार्थीहरूको धारणा रहेको पाइन्छ। आन्तरिक रूपमा सञ्चालन गरिने परीक्षामा प्रयोगमा ल्याइने प्रश्नपत्रको ढाँचा भने अन्तिम परीक्षा पद्धतिअनुरूपको हुने गरेको धारणा शिक्षक तथा प्रशासकहरूको पाइन्छ। यसमा वस्तुगत प्रश्नहरू १० अङ्कका, छोटो उत्तर आउने प्रश्नहरू दुईवटा छनोट प्रश्नसहित ६ वटा पाँच पाँच अङ्कका र लामो उत्तर आउने प्रश्नहरू १०/१० अङ्कका दुईवटा जसमा एउटा छनोट प्रश्न रहने धारणा शिक्षक तथा विद्यार्थीहरूको रहेको पाइन्छ। यसरी ६० अङ्कको परीक्षा ३ घण्टाको समयमा सम्पन्न गर्नुपर्ने र त्यसलाई १० प्रतिशतमा गणना गरी विद्यार्थीहरूको आन्तरिक मूल्याङ्कन गर्ने प्रावधान वर्तमान सत्र प्रणालीमा रहेको देखिन्छ। यसबाट पनि विद्यार्थी मूल्याङ्कनको निरन्तरता तथा यसको अनिवार्यताले सत्र प्रणालीको प्रभावकारिता देखिन्छ। ६० भन्दा कम अङ्क भएका

विषयमा भने आनुपातिक रूपमा माथि उल्लेख गरिएकै ढाँचामा प्रश्नपत्र तयार पारी परीक्षा लिएर मूल्याङ्कन गर्ने परिपाटी रहेको छ (Pahari, 2014) । यसले पनि विश्वविद्यालयमा आफ्नै किसिमको र सत्र प्रणाली अनुकूलको मूल्याङ्कन प्रणाली कार्यान्वयनमा आएको देखाउँछ । बाह्य परीक्षातर्फ भने ६० अङ्कको डिन कार्यालयबाट सञ्चालित अन्तिम परीक्षा दिनु पर्छ । ग्रेडिङ पद्धतिमा विद्यार्थीको मूल्याङ्कन गरिने यस प्रणालीमा उत्तीर्ण हुनका लागि ५० प्रतिशत अङ्क हासिल गर्नुपर्छ । यस किसिमको प्रक्रियाले पनि सत्र प्रणालीको पाठ्यक्रम कार्यान्वयनको वास्तविकतालाई प्रतिबिम्बित गर्न सहयोग गर्छ ।

### *भौतिक पूर्वाधार, प्रशासनिक तथा प्राविधिक सहयोग*

अध्ययनका लागि छानिएका चारवटा कलेजहरूमध्ये आङ्गिक कलेजहरूमा भौतिक पूवार्धारको अभाव देखिएन । ती कलेजहरूमा विद्यार्थीका लागि बिहानी, दिवा तथा कतिपय अवस्थामा रात्रिकालीन कक्षाको समेत प्रबन्ध मिलाइएकाले विद्यार्थी सङ्ख्याअनुसार बस्नका लागि कक्षाकोठाको समस्या देखिएन । तर सम्बन्धन प्राप्त कलेजमा भने विद्यार्थी बस्नका लागि पनि फराकिला कोठाहरू नभई साँघुरा कोठाहरू रहेको पाइयो । यस किसिमको भौतिक पूर्वाधारको सहज व्यवस्थापनबिना विद्यार्थीको अध्ययनमा बाधा पुग्ने देखिन्छ ।

प्रशासनिक रूपमा विद्यार्थीलाई आवश्यक पर्ने सूचनाको हस्तान्तरण, पुस्तकालयीय प्रबन्ध तथा विभिन्न समयका विद्यार्थी भर्ना तथा परीक्षासम्बन्धी प्रक्रियाहरूको सहज व्यवस्थापनले सत्र प्रणालीको प्रयोगमा प्रशासनिक सहयोग प्रचुर मात्रामा रहेको पाइन्छ । यसमा विद्यार्थीका लागि आवश्यक पर्ने प्राविधिक पक्षको व्यवस्थापन भने विश्वविद्यालय क्याम्पस, कीर्तिपुरबाहेक अन्य कलेजहरूमा प्रभावकारी देखिएन । सम्बन्धन प्राप्त कलेजले त प्रविधिको नाममा शिक्षकले व्यक्तिगत रूपमा आफैँले कतिपय विषयमा ल्यापटपको प्रयोग गरेको पाइन्छ भने धेरै विषयमा प्रविधिको प्रयोग नै गरिएको छैन । त्यसैले प्राविधिक रूपमा सत्र प्रणालीको पूर्ण कार्यान्वयनका लागि सबै क्याम्पसहरू तयारी अवस्थामा अझै नपुगेको देखिन्छ । समालोचानात्मक सिद्धान्तले समाजका विभिन्न आयामका पनि विशिष्टीकृत पक्षहरूको विश्लेषणबाट मात्र तिनीहरूको वास्तविकतासम्म पुग्न सकिने र सामाजिक रूपान्तरणका लागि विभिन्न संरचनागत प्रवृत्तिहरूबाट मानिस तथा उसको व्यवहारलाई मुक्ति दिनुपर्ने कुरामा जोड दिएको छ तर पनि प्राविधिक पक्षमा अझै पनि सत्र प्रणाली लागु भएका कलेजहरू परम्परागत वार्षिक शैक्षिक पद्धतिको प्रभावबाट पूर्णरूपमा मुक्त भएको देखिँदैन ।

## सत्र प्रणालीमा देखिएका समस्याहरू

राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ ले पहिलोपटक कार्यान्वयनमा ल्याएको सत्र प्रणाली लामो समयसम्म चल्न सकेन । तथ्यगत रूपमा विश्वविद्यालयमा पुनः कार्यान्वयनमा ल्याइएको यो प्रणाली पनि पूर्वतयारीबिना नै कार्यान्वयनमा आएको हो (Sharma & Subedi, 2018) । यसमा सरोकारवालाहरू पूर्णरूपमा सन्तुष्ट हुन सकेका छैनन् । त्यसैले प्रारम्भमा विश्वविद्यालय क्याम्पस, कीर्तिपुरमा मात्र कार्यान्वयनमा ल्याइएको यो कार्यक्रम क्रमशः देशभर कार्यान्वयनमा आएको हो । यस अनुसन्धानका क्रममा प्रतिक्रियादाताहरूबाट सङ्कलन गरिएका सूचनालाई आधार बनाउँदा विविध समस्याहरू उच्च शिक्षाको सत्र प्रणालीमा देखिन्छन् । सत्र प्रणालीले विद्यार्थी र शिक्षकबिचको

सम्बन्धलाई निकट बनाउँछ। विभिन्न कारणले गर्दा बहुसङ्ख्यक शिक्षकहरूले यस किसिमको निकटताको सम्बन्धमा गुनासो गरेको पाइन्छ (Profile, 2019)। फलस्वरूप शिक्षकहरूले पूर्णरूपमा स्वायत्त भएर कार्य सम्पादन गर्न सकेको पाइँदैन। अध्ययनको क्रममा उच्च शिक्षाको यस प्रणालीमा देखिएका समस्याहरूलाई नतिजागत रूपमा यसरी उल्लेख गरिएको छ :

***भौतिक समस्या***

विश्वविद्यालयमा सत्र प्रणाली सञ्चालनका लागि भौतिक पूर्वाधारको राम्रो व्यवस्थापन हुनुपर्छ। शैक्षिक भवन, प्रशासनिक भवन, पुस्तकालय, शौचालय, पिउने पानी, खेल्ने मैदान तथा खेल सामग्री, विभिन्न विषयका विभागहरू, सेमिनार हल, चमेना गृह तथा कम्प्युटर प्रयोगशाला आदिको उचित प्रबन्ध हुनुपर्नेमा अध्ययनको सिलसिलामा विश्वविद्यालय क्याम्पस, कीर्तिपुरबाहेक अन्य क्याम्पसहरूमा पर्याप्त पूर्वाधारको अभाव रहेको पाइन्छ। आङ्गिक कलेजको तुलनामा सम्बन्धन प्राप्त क्याम्पसमा यस किसिमका भौतिक पूर्वाधारको समस्या व्यापक रूपमा रहेको पाइन्छ तर पनि ती कलेजहरूले जटिल अवस्थाको पनि सकेसम्म सहज व्यवस्थापन गर्ने प्रयास गरी यस प्रणालीलाई निरन्तरता दिएका छन्। पूर्वाधारहरू थप गर्न र भएका पूर्वाधारको पुनर्निर्माण तथा सुधार गरी यसलाई सञ्चालन गर्न कतिपय आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरू प्रयासरत रहेको पाइन्छ। शैक्षिक प्रशासकहरूको दृष्टिकोणमा कतिपय भौतिक पूर्वाधारको अभावमा विद्यार्थीहरूलाई उपलब्ध गराउनुपर्ने सुविधा प्रदान गर्न सकेको पाइँदैन।

***आर्थिक समस्या***

विश्वविद्यालय क्याम्पस, कीर्तिपुरमा पनि सत्र प्रणालीको सञ्चालनका लागि आर्थिक समस्याहरू रहेको छ भने अन्य क्याम्पसहरूमा यो समस्या थप जटिल छ। विश्वविद्यालय अनुदान आयोगले दिने नियमित अनुदान रकमले अन्य आवश्यक पूर्वाधार तथा सुविधाहरू विस्तार गर्न सक्ने अवस्था नभएको शैक्षिक प्रशासकहरूको विचार छ। सम्बन्धन प्राप्त क्याम्पसमा शिक्षकलाई तोकिएको मापदण्डअनुसारको तलब खुवाउन नै समस्या छ। त्यसैगरी आङ्गिक क्याम्पसमा आर्थिक समस्याकै कारणले कम्प्युटर प्रयोगशाला, इन्टरनेट, पुस्तकालयमा पुस्तकको पर्याप्तता र थप भौतिक पक्षको व्यवस्थापनमा समस्या छ। दसकौं अगाडि बनेका जीर्ण भवनबाट नै शैक्षिक प्रशासन चलाउनु परेको र विद्यार्थीका लागि नयाँ व्यवस्थापनसहितका भवन तथा सुविधासम्पन्न कक्षाकोठाको प्रबन्ध मिलाउन नसक्नुमा क्याम्पसहरूका आर्थिक समस्याहरू स्पष्ट रूपमा देख्न सकिन्छ।

***प्राविधिक समस्या***

त्रिविको स्नातकोत्तर तहमा सञ्चालित सत्र प्रणालीमा आवश्यकताअनुसारको प्राविधिक पूर्वाधारको अभाव रहेको पाइन्छ। शिक्षकहरूका लागि कम्प्युटर प्रयोगशाला, विद्यार्थीहरूका लागि क्याम्पस हाताभित्र निःशुल्क इन्टरनेटसहित वाइफाइ, प्रोजेक्टर, प्रिन्टर तथा इन्टरनेटको सहज पहुँचमा विस्तार हुन नसक्नु यस पद्धतिका प्राविधिक समस्या हुन्। विद्यार्थीहरूका लागि विद्युतीय पुस्तकालयको उचित प्रबन्धसमेत क्याम्पसहरूले अझै मिलाउन सकेका छैनन्। कतिपय अवस्थामा शिक्षक नै प्राविधिक पक्षसँग अद्यावधिक भएको पाइँदैन। यसका साथै कक्षाकोठामा शिक्षक तथा

विद्यार्थीका लागि सिकाइको क्रममा प्राविधिक व्यक्ति आवश्यक पर्ने अवस्थामा त्यसका लागि छुट्टै प्रबन्ध गरेको समेत पाइएन । कतिपय शिक्षकहरूले आफ्नै प्रयासमा थोरथोर प्रविधिको प्रयोग गरेका छन् । उनीहरूका कक्षाहरू प्रविधिको उपयोग नगर्ने शिक्षकका कक्षाभन्दा उपलब्धिमूलक भएको विद्यार्थीहरूको धारणा रहेको छ ।

## सत्र प्रणालीमा देखिएका समस्या समाधानका उपायहरू

सत्र प्रणालीमा विद्यार्थी बिचैमा छाडेर तह पूरा गर्न नसकी पलायन हुने समस्यालाई देशका विभिन्न क्याम्पसहरूमा मुख्य समस्याका रूपमा लिइएको छ (चोडवाङ, सन् २०१३) । विद्यार्थीले गुणस्तरीय उच्च शिक्षाका लागि यो पद्धतिको कार्यान्वयन गरिएको हो भन्ने कुरा बुझेर पनि नियमित हाजिरी, गृहकार्य तथा निरन्तरको मूल्याङ्कनबाट अपेक्षाकृत सन्तुष्टि लिन सकेका छैनन् (Baral et al., 2019) । यस किसिमको समस्यालाई समयमै समाधान गर्नका लागि क्याम्पस प्रशासन तथा सरोकारवालाको उचित ध्यान जानुपर्ने देखिन्छ । यस सन्दर्भमा उच्च शिक्षाको सत्र प्रणालीमा अनुसन्धानका क्रममा देखिएका विभिन्न किसिमका समस्याहरू समाधानका लागि विद्यार्थी, शिक्षक तथा शैक्षिक प्रशासकहरूका विचारलाई दृष्टिगत गरी विभिन्न उपायहरू केन्द्रित गरी प्रस्तुत गरिएको छ :

### *भौतिक पक्षमा सुधार*

सत्र प्रणालीमा आवश्यक पर्ने भौतिक पक्षमा समयसापेक्ष सुधार गर्नुपर्ने, थप शैक्षिक तथा प्रशासनिक भवनहरूको निर्माण गर्नुपर्ने, पुराना तथा जीर्ण अवस्थाका भवनहरूको मर्मत सम्भार गर्नुपर्ने र विद्यार्थीहरूलाई ती कलेजहरूमा भौतिक पक्षको व्यवस्थापनमा कुनै समस्या छैन भन्ने किसिमको विश्वास दिलाउनका लागि सम्बन्धित क्याम्पसहरूले पहल गर्नुपर्ने देखिन्छ । कतिपय अवस्थामा भएका भवन तथा चमेनागृहहरू पनि उपयोगमा नआउनुले कलेजको कमजोर प्रशासनिक पक्षलाई उजागर गरेको देखिन्छ । त्यसैले आवश्यकताअनुसार नयाँ संरचना निर्माण गर्ने कार्यका अतिरिक्त भएका संरचनाको उच्चतम प्रयोग गर्न पनि जोड दिनुपर्ने देखिन्छ ।

### *आर्थिक पक्षमा सुधार*

विश्वविद्यालयका आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरूले विद्यार्थीहरूबाट लिने शुल्क ज्यादै न्यून भएकाले अन्य विकल्पहरूबाट आफ्नो आर्थिक पक्षमा सुधार ल्याउनुपर्ने देखिन्छ । कतिपय अवस्थामा विभिन्न दातृनिकायहरू जस्तै विश्व बैङ्क र एसियाली विकास बैंकबाट सहयोग प्राप्तिका लागि पहल गर्नुपर्ने देखिन्छ भने कतिपय अवस्थामा विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर सुनिश्चितता तथा प्रत्यायनमार्फत आफ्नो आर्थिक पक्षमा सुधार ल्याउन पहलकदमी गर्नुपर्ने देखिन्छ । यीबाहेक आफ्ना अन्य आन्तरिक स्रोत तथा साधनको व्यवस्थापन गरेर पनि आर्थिक पक्षमा सुधार ल्याउन सकिन्छ ।

### *प्राविधिक पक्षमा सुधार*

समय सापेक्ष प्रविधिको प्रभावलाई विश्वविद्यालयको उच्च शिक्षामा पनि आत्मसात् गर्नुपर्छ । सूचना तथा सञ्चार क्षेत्रमा आएको परिवर्तनका सकारात्मक पक्षहरूलाई अवलम्बन गर्दै

विश्वविद्यालयका आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरूमा प्राविधिक पक्षको विकास र विस्तार गर्नमा पनि ध्यान केन्द्रित गर्नु आजको आवश्यकता हो। यसका लागि कलेजहरूले कम्प्युटर प्रयोगशाला निर्माण गर्ने, शिक्षकलाई ल्यापटप तथा प्रत्येक विभागमा प्रिन्टर राख्ने प्रबन्ध मिलाउने, विद्युतीय पुस्तकालयको प्रबन्ध गर्ने, निःशुल्क इन्टरनेटसहित वाइफाईको व्यवस्था मिलाउने र कक्षाकोठामा शिक्षक तथा विद्यार्थीका लागि प्राविधिक कर्मचारी उपलब्ध गराउने काम गर्न सकेमा सेमेस्टर शिक्षाको गुणस्तर तथा सान्दर्भिकता दुवै बढ्ने देखिन्छ।

समालोचनात्मक सिद्धान्तका आधारमा पनि सत्र प्रणालीमा देखिएका समस्याहरूलाई विशिष्ट रूपमा विश्लेषण नगरी त्यसका लागि ठोस योजना बनाउन सकिँदैन। त्यसैले सत्र प्रणालीका वास्तविक तथा परिस्थितिअनुसारका समस्याहरू के हुन् भन्ने कुराको नजिकमा पुगेर मात्र समस्या समाधानको योजना बनाई कार्यान्वयन गर्न सकिन्छ। यसबाट सत्र प्रणालीका दुर्वल पक्षहरूलाई न्यूनीकरण गरी सबल पक्षहरूको प्रवर्द्धनद्वारा गुणात्मक उच्च शिक्षाको उपलब्धि हासिल गर्न सक्ने देखिन्छ। सङ्कलन गरिएका सूचनाहरूलाई विद्यार्थीको दृष्टिकोणबाट हेर्दा जे कुराको प्राप्ति भयो शिक्षक तथा शैक्षिक प्रशासकहरूको विचारमा पनि ती तथ्यगत कुराहरू मिल्न गए। त्यसैले यस अनुसन्धानमा सूचनाको वैधता यस किसिमको बहुआयामिक सम्बन्धबाट प्रमाणित गर्न सकिन्छ। सत्र प्रणालीको गहना भनेको नै यसको स्वायत्तता हो। त्यसैले यसको स्वायत्ततालाई ख्याल गरी समय सापेक्ष शिक्षक तथा नीतिनिर्माताहरूलाई जिम्मेवार बनाउनु यसका तालुकदार निकायको काम हो। समय समयमा पाठ्यक्रम परिवर्तन गर्ने, रोजगार बजारको आवश्यकता पहिचान गर्ने र उत्पादित जनशक्तिको रोजगार बजारको पहुँचलाई पनि अनुगमन गर्दा यस कार्यक्रमको प्रभावकारिता वृद्धि गर्न सकिन्छ। त्यसैले कुनै एउटा पक्षमा मात्र केन्द्रित नभई सत्र प्रणालीको बहुआयामिक पक्षलाई दृष्टिगत गरी यसको निरन्तरतामा जोड दिनु उचित हुन्छ।

## निष्कर्ष

त्रिभुवन विश्वविद्यालयको स्नातकोत्तर तहमा सत्र प्रणालीको प्रभावकारिता बढ्दो क्रममा रहेको पाइन्छ। केही सुधार गर्नुपर्ने पक्षहरूलाई परिस्थितिअनुसार व्यवस्थित गर्न सकेमा यसको विश्वसनीयतासहित प्रभावकारिता अझ वृद्धि हुने देखिन्छ। विश्वविद्यालयको परीक्षा तथा मूल्याङ्कन पद्धतिमा राजनैतिक हस्तक्षेप अन्त्य गर्ने, परीक्षा नियन्त्रण कार्यालयको कार्यदक्षता वृद्धि गर्न डिन कार्यालय परीक्षा सञ्चालन गर्ने र परीक्षाफल प्रकाशन गर्ने निकायभन्दा नीतिगत निर्णय र अनुगमन तथा मूल्याङ्कनमा संलग्न हुने, विषय शिक्षकलाई जिम्मेवार बनाई उसले गरेको आन्तरिक मूल्याङ्कनलाई वैधता दिने, विद्यार्थीले प्राप्त गरेको आन्तरिक परीक्षाको अङ्क अन्तिम परीक्षाको प्राप्ताङ्कसँगै नघट्ने प्रावधान नभएसम्म उच्च शिक्षामा सञ्चालित सत्र प्रणालीमा सुधार ल्याउन केही कठिन हुने देखिएको छ। त्यसैले यसको प्रभावकारिताका लागि डिन कार्यालय र परीक्षा नियन्त्रण कार्यालयबिचमा समन्वय हुनु आवश्यक छ भने सरोकारवाला शिक्षक, विद्यार्थी, विश्वविद्यालयका पदाधिकारीहरू, प्रशासक तथा नीतिनिर्माता सबैले यसको प्रभावकारिताका लागि समयसापेक्ष पहल गर्नुपर्ने देखिन्छ। यसबाट विगतमा जस्तै सत्र प्रणाली पुनः हट्नुपर्ने बाध्यात्मक परिस्थिति आउँदैन। त्यसैले गुणस्तरीय शिक्षाको माध्यमबाट देश विकासमा उल्लेख्य योगदान दिने

सन्दर्भमा पनि उच्च शिक्षाको सत्र प्रणालीलाई अन्तर्राष्ट्रिय मापदण्डअनुरूप सञ्चालन गर्नका लागि समयसापेक्ष थप पहल गर्नुपर्ने देखिन्छ । सत्र प्रणालीको मुख्य पक्ष पाठ्यक्रम भएकाले यसको निर्माण तथा कार्यान्वयनका लागि समयअनुसार आवश्यक कदम चाल्न सकेको अवस्थामा यस कार्यक्रमको प्रभावकारिताले निरन्तरता समेत पाउन सक्ने निश्चित छ ।

## सन्दर्भसामग्री


अधिकारी, देवराज (२०७१), *त्रिविमा सत्र प्रणालीका चुनौती तथा अवसरहरू,* (त्रिभुवन विश्वविद्यालय, विशेषाङ्क २०७१, ५५ औँ वार्षिक दिवस), त्रिभुवन विश्वविद्यालय ।

अधिकारी, भीमराज (२०७१), *त्रिभुवन विश्वविद्यालयको गरिमा : एक अनुभूति,* (त्रिभुवन विश्वविद्यालय, विशेषाङ्क, २०७१, ५५ औँ वार्षिक दिवस), त्रिभुवन विश्वविद्यालय ।

भट्टराई, होमनाथ (२०७४), *शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार,* जुपिटर प्रिन्टिङ एन्ड पब्लिसिङ हाउस प्रालि ।

पाठ्यक्रम विकास केन्द्र (२०६३), *राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०६३।*

पाठ्यक्रम विकास केन्द्र (२०७६), *विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ।*

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला (२०६८), *शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार,* एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

Baral, U. N., Chhetri, T. B., & Subedi, G. (2019). Semester system and its implementation at Prithvi Narayan Campus: What do postgraduate students Say. *Prithvi Journal of Research and Innovation, 1,* 23–38. https://doi.org/10.3126/pjri.v1i0.29886

Bhardwaj, P. (2019). Types of sampling in research. *Journal of the Practice of Cardiovascular Sciences, 5*(3), 157. https://doi.org/10.4103/jpcs.jpcs_62_19

Bista, K., Sharma, S., & Raby, R. L. (2019). Higher education in nepal: Policies and perspectives. *Higher Education in Nepal: Policies and Perspectives, August,* 1–294. https://doi.org/10.4324/9781351139205

Boru, T. (2018). Research design and methodology . *December,* 41. https://doi.org/10.13140/RG.2.2.21467.62242

Chongnang, K. (2013). Comparative study of semester system and annual system of faculty of education. A mini research report. Retrieved from http//:www. TU-Mini-research-report.

Dhakal, R. C. (2019). *Current Situation and issues of Continuous Assessment System in Mathematics Education of Nepal. 13*(1998), 31–38.

Downs, F. S. (1990). Handbook of research methodology. *Dimensions Of Critical Care Nursing, 9*(1), 60. https://doi.org/10.1097/00003465-199001000-00018

Dunton, R. (2021). Discussion section for research papers. *San Jose State University Writing Center,* 1–5. https://www.sjsu.edu/writingcenter/

Geuna, A. (2014). *European Universities : An interpretive history by. May.*

Giri, Y. (2020). Necessity of new Universities in Nepal in the 2020. *Academia.Edu, September*. https://www.academia.edu/download/63977811/needed_of_new_universities_in_Nepal20200720-70790-1cvjuw9.pdf

Heale, R., & Twycross, A. (2018). What is a case study? *Evidence-based nursing, 21*(1), 7–8. https://doi.org/10.1136/eb-2017-102845

Hernon, P., & Schwartz, C. (2007). What is a problem statement? *Library and Information Science Research, 29*(3), 307–309. https://doi.org/10.1016/j.lisr.2007.06.001

Koul, L. (2019). Methodology of educational research (5th ed.). Vikash Publishing House.

Lakhotia, S. C. (2005). Deemed universities and other universities. *Current Science, 89*(8), 1303–1304.

Longman Group Ltd. (2000). *Longman Dictionary of Contemporary English* http://www.from australia.gov.au

Muhl, J. K. (2014). Research methodology. In *Contributions to Management Science*. https://doi.org/10.1007/978-3-319-04069-1_4

Neog, A. (2020). A study on the effectiveness of semester system at undergraduate degree level with special reference to the colleges of Sonitpur District under Gauhati University . *European Journal of Molecular & Clinical Medicine, 7*(08), 1569–1575.

Pahari, B. R. (2014). The reform in evaluation system as a tool of quality improvement in institute of engineering. *Journal of the Institute of Engineering, 10*(1), 1–13. https://doi.org/10.3126/jie.v10i1.10872

Poudel, R. (2019). Semester system at Tribhuvan University: Opportunities, challenges and brief experience. Retrived from https://www.researchgate.net/publication/354170814_Semester_System_at_Tribhuvan_University_Opportunities_Challenges_and_Brief_Experience

Pradhan, U. (2017). Nepal: Between the 'local' and the 'global' of the national education. *Education in South Asia and the Indian Ocean Islands*, 165–182. https://doi.org/10.5040/9781474244329.0014

Profile, S. E. E. (2019). *Problems of semester System in public. October.*

Sharma, S., & Subedi, S. (2018). *Semester system in Nepal : Taking a collaborative, constructivist approach to teacher training. November.*

Thompson, M. J. (2017). The palgrave handbook of critical theory. *The Palgrave Handbook of Critical Theory, August.* https://doi.org/10.1057/978-1-137-55801-5

*Tribhuvan University, (n.d.) TU semester system operational guideline.* 1–7.

University Grant Commission, (2015). UGC guidelines for approval of an instutition as a deemed university. *Syria Studies, 7*(1), 37–72.